आठबीस नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १२ मिति : २०७६/११/२३


**भाग-२**

**आठबीस नगरपालिका**

# जस्तापाता तथा सोलार वितरणका लागि लाभग्राही छनौट गर्ने मापदण्ड-२०७६

आठबीस नगरपालिकाको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा उल्लिखित खरछाना भएको घरमुक्त अभियान तथा सोलार वितरण सम्बन्धित कार्यक्रम अनुसार आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा उल्लिखित उक्त कार्यक्रमका लाभग्राही छनौट प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकोले, आठबीस नगरकार्यपालिकाको मिति २०७६ फागुन २३ गते बसेको बैठकले यो मापदण्ड बनाई लागु गरेको छ ।

**१. कार्यक्रमको क्षेत्र :**

स्वीकृत बजेटमा जुन वडामा कार्यक्रम संचालन गर्ने भने तोकिएको छ सो ही वडामा कार्यक्रम लागु हुनेछ ।

**२. लाभग्राहीको पहिचान :**

जस्तापाता तथा सोलार प्राप्त गर्ने लाभग्राहीको पहिचान देहाय बमोजिम गरिनेछ :

क) सम्बन्धित वडामा स्थायी बसोबास गरिरहेको

ख) सौर्य विद्युतको हकमा अन्य विद्युतको पँहुच नभएको र जस्तापाताको



हकमा हाल बसोबास गरिरहेको घरको छाना खरको भएको

**३. लाभग्राही छनौटका आधारहरु :**

जस्तापाता तथा सोलारका लाभग्राही छनौट गर्दा देहायका आधारहरु लिनुपर्नेछ :

(क) दफा (२) बमोजिम पहिचान गर्ने आधारहरुको सम्बन्धमा सम्बन्धित वडाले गरेको सिफारिस

(ख) लाभग्राही छनौट गर्दा अतिविपन्न, दलित, एकल महिला, अपाङ्ग, एच. आई. भि. संक्रमित, द्वन्द्वपीडित परिवारलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

**४. लाभग्राही छनौट प्रकृया :**

लाभग्राही छनौट गर्दा देहायको प्रकृया अपनाईनेछ :

(क) कार्यक्रम लागु हुने वडाले कम्तिमा ७ दिनको सूचना दिई कार्यक्रमका लक्षित घरपरिवारलाई कार्यक्रमका लागि निवेदन दिन जानकारी गराउने छ । त्यसरी गराएको जानकारीको एक प्रति स्थानीय स्वास्थ्य संस्था, विद्यालय र स्थानीय सरकारी कार्यालयमा समेत टाँस गर्नुपर्नेछ । सो को सूचना नगरपालिकाको वेवसाईटमार्फत समेत जानकारीका लागि प्रकाशित गरिनेछ ।

(ख) उक्त अवधिभित्र परेका कार्यक्रमबाट लाभान्वित हुन ईच्छुक घर-परिवारको मुख्य व्यक्तिले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित दिएको निवेदन उपर छानबिन गरी दफा ३ बमोजिमका आधारमा वडा समितिबाट निर्णय गराई लाभग्राही छनौट गरी समन्वय समितिमा सिफारिस गरी पठाउनेछ ।

(ग) जस्तापाताको हकमा बसोबास गरिरहेको घरको छाना देखिएको तस्विर समेत संलग्न गरी पठाउनुपर्नेछ ।

**५. वितरण तथा अनुगमन समितिः**

जस्तापाता तथा सोलार वितरणका लागि लाभग्राही छनौट गर्ने, वितरण गरिने सामाग्रीको परिमाण तोक्ने र सो को अनुगमन गर्न देहाय बमोजिमको वितरण तथा अनुगमन समिति रहनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यक्रम लागु भएको वडाको वडाध्यक्ष - सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य सचिव

**६. बाध्य नहुने :**

सार्वजनिक जग्गा अधिकरण गरी बनाएको घर वा नियमित आम्दानीको स्रोत भएको वा परिवारमा कम्तिमा एक जना व्यक्ति रोजगार भएको परिवारलाई यस कार्यक्रम बमोजिम सोलार तथा जस्तापाता उपलब्ध गराउन नगरपालिका बाध्य हुने छैन ।

**७. सामाग्री वितरण :**

सामाग्री कार्यक्रम लागु हुने वडा कार्यालय वा सबैलाई पायक पर्ने यस्तै कुनै स्थानबाट वितरण गर्ने व्यस्था मिलाईनेछ ।

**८. कारबाही गरिने :**

वितरित सोलार तथा जस्तापातको सदुपयोग नगरी अन्यत्र लगेको वा बेचबिखन गरेको वा अन्य कुनै किसिमले सो को दुरुपयोग गरेको पाइएमा नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिने वा प्रचलित कानुन बमोजिम अन्य कारबाहीसमेत गरिनेछ ।

**आज्ञाले**

**युवराज न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**